# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** | **संख्याः १०** | **मितिः भदौ ०२ गते, २०७९**


## भाग–२

## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्वत् २०७९ सालको कार्यविधि नं. ७

## वातावरण मैत्री ईट्टा उद्योग सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना**

चन्द्रागिरि नगरपालिका भित्र वातावरणमैत्री विकास अवलम्वन गर्दै नागरिकको स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गर्न र वातावरणीय जोखिम न्यूनिकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम वनेको चन्द्रागिरि नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाले यो कार्यविधि बनाएको हो ।

## परिच्छेद -१

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यो कार्यविधिको नाम चन्द्रागिरि नगरपालिकाको वातावरण मैत्री ईट्टा उद्योग सञ्चालन कार्यविधि, २०७९ रहेको छ । यो कार्यविधि नगरकार्यपालिकाले स्वीकृत गरी प्रमाणीकरण गरेको दिन देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) ***"ऐन"*** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ। सो शब्दले वातावरण सम्वन्धमा बनेका संघिय ऐन तथा नगरपालिकाबाट बनेको ऐन समेतलाई सम्झनुपर्छ।

(ख) ***"सम्वन्धित"*** निकाय भन्नाले ऐन तथा कार्यविधिमा उल्लेखित कामसँग सम्वन्धित संघ वा प्रदेश स्तरको कुनै निकाय सम्झनुपर्छ।

(ग) ***"क्षेत्र"*** भन्नाले चन्द्रागिरि नगरपालिकाको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नका लागि कार्यविधिको दफा ४ बमोजिमको भौगोलिक क्षेत्र सम्झनु पर्छ।

(घ) ***"प्रतिवेदन"*** भन्नाले प्रारम्भिक वातावरणिय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्वन्धी प्रतिवेदन सम्झनु पर्छ

(ङ) ***"उद्योग"*** भन्नाले चन्द्रागिरि नगरपालिकामा सञ्चालनमा रहेका ईट्टा/टायल उद्योग तथा ईट्टाभट्टा वमोजिमको उद्योग सम्झनु पर्छ।

(च) ***"प्रयोगशाला"*** भन्नाले तोकिएको प्रयोगशाला सम्झनु पर्छ।

(छ) ***"मापदण्ड"*** भन्नाले संघिय सरकार, प्रदेश सरकार तथा चन्दागिरि नगरपालिकाले यसै कार्यविधिको अनुसूची १ मा जारी गरेका मापदण्ड समेत सम्झनु पर्छ।

(ज) ***"क्षतिपूर्ति"*** भन्नाले नियम बमोजिम ईट्टा/टायल उद्योगले दिने क्षतिपूर्ति सम्झनु पर्छ।

(झ) ***"नगरपालिका"*** भन्नाले चन्द्रागिरि नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद -२

## प्रारम्भिक वातारणीय प्रभाव परीक्षण तथा वातारणीय प्रभाव मूल्याङ्कन

३. **प्रारम्भिक वातारणीय प्रभाव परीक्षण तथा वातारणीय प्रभाव मूल्याङ्कन गर्नुपर्नेः-** प्रस्तावकले अनुसूची (२) मा उल्लेख भएका प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची ३ मा उल्लेख भएका प्रस्तावहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

४. **वातावरणीय प्रभाव मूल्याङ्कनको लागि क्षेत्र निर्धारण गर्नुपर्नेः-**

(१) वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने कुनै प्रस्तावको सम्वन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्वन्धमा लिखित सुझाव दिनको लागि १५ दिनको अवधि तोकी सार्वजनिक सूचना टाँस गरी राष्ट्रियस्तरका दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशित भएपछि सो सम्वन्धमा कसैको राय सुझाव भए त्यसरी सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र सम्वन्धित प्रस्तावकलाई आफ्नो राय सुझाव दिन सकिनेछ । यसरी राय सुझाव दिनेले त्यसको जानकारी नगरपालिकालाई समेत दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त राय सुझाव समेत संलग्न गरी प्रस्तावकले सो प्रस्तावको कार्यान्वयनबाट वातावरणको के कस्तो क्षेत्रमा कस्तो प्रभाव पर्दछ सो उल्लेख गरी क्षेत्र निर्धारणको लागि नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि नगरपालिकाले निवेदन साथ संलग्न कागजात जाँचवुझ गरी क्षेत्र निर्धारण सम्वन्धमा आफ्नो राय सहित सो निवेदन नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ । यो राय सहितको निवेदन नगरपालिकाले सम्बन्धित निकायमा समेत पठाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम क्षेत्र निर्धारणको लागि कुनै निवेदन प्राप्त भएमा नगरपालिकाले सो निवेदनसाथ संलग्न कागजात जाँचबुझ गरी प्रस्तावित वा संशोधित रुपमा क्षेत्र निर्धारण गरी दिनुपर्नेछ ।

**५. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनको लागि कार्यसुची स्वीकृत गर्नुपर्नेः-**

(१) प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावकको हकमा प्रस्तावकले सोको प्रतिवेदनको लागि अनुसूची २ बमोजिमको ढाँचामा कार्यसुची बनाई सो कार्यसुची नगरपालिका र सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावको हकमा प्रस्तावकले सो को प्रतिवेदनको लागि दफा (४) बमोजिम नगरपालिकाले निर्धारण गरेको क्षेत्र समेतको आधारमा अनुसुची ३ बमोजिमको ढाँचामा कार्यसूची बनाई सो कार्यसूची नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

तर कुनै प्रस्तावले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावको प्रतिवेदन तयारीको लागि दफा (४) बमोजिमको क्षेत्र निर्धारण र कार्यसूची बनाई सम्बन्धित निकायको राय सहित नगरपालिकामा एकै पटक पठाएमा नगरपालिकाले एकै पटक क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गरी दिन सक्नेछ ।

(३) कुनै प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएमा प्रस्तावकले क्षेत्र निर्धारण र कार्यसुची स्वीकृत गराउने प्रक्रिया बाहेक यस कार्यविधि बमोजिमको अन्य सबै प्रक्रिया पूरा गर्नु पर्नेछ ।

**स्पष्टिकरणः** यस कार्यविधि प्रयोजनको लागि पूरक वातावरणीय प्रभाव मूल्याङ्कन भन्नाले एकपटक स्वीकृत भई सकेको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरुप परिमार्जन गर्ने, संरचना स्थानान्तरण वा फेरवदल गर्ने, वन क्षेत्र वा आयोजनाको क्षमता थप गर्नको लागि पेश भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय प्रभाव मूल्याङ्कनसम्झनु पर्छ ।

## ६. पुनः कारवाही गर्नुपर्नेः-

(१) प्रस्तावकले यस कार्यविधि बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेकोमा सो प्रस्ताव साथ प्राप्त प्रतिवेदन जाँचबुझ गर्दा प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कनसमेत गर्नु पर्ने गरी नगरपालिकाले ठहर गरेमा प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न यस कार्यविधि बमोजिमको सबै प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(२) यो कार्यविधि जारी हुनु अघि सम्बन्धित निकाय वा स्थानीय तहमा प्रतिवेदन पेश गरी प्रस्ताव स्वीकृत गराई कार्यान्वयन गर्दै आएका प्रस्तावकहरूले पनि यही कार्यविधि लागु भएपछि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने यस कार्यविधि बमोजिमको सबै प्रक्रिया अनिवार्य रुपमा पूरा गर्नु पर्नेछ ।

## ७. प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको लागि प्रतिवेदन तयार गर्नेः-

(१) प्रस्तावकले दफा (५) बमोजिम स्वीकृत भएको कार्यसूचीको आधारमा अनुसूची ५ बमोजिमको ढाँचामा प्रारम्भिक वातावरणीय परीक्षण र अनुसुची ४ बमोजिमको ढांचामा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको सम्बन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने वडा तथा सरोकार राख्ने व्यक्ति वा संस्थालाई प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्वन्धमा पन्ध्र दिनभित्र लिखित राय सुझाव दिनको लागि नगरपालिका, सम्वन्धित वडा, विद्यालय, अस्पताल र स्वास्थ्य केन्द्रमा सूचना टाँस गरी मुचुल्का तयार गर्नेछ र सोही बमोजिमको पन्ध्र दिने सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा समेत प्रकाशन गर्नुपर्नेछ । यसरी सूचना प्रकाशन भएपछि सो सम्बन्धमा कुनै राय सुझाव हुन आएमा सो राय सुझाव समेत प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

तर वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने ईलाकामा एक पटक प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्नेछ ।

(३) कुनै प्रस्तावकको क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत भईसकेको तर वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन पेश भई नसेकेको अवस्थामा सो प्रस्तावको कुनै विषयमा परिवर्तन आउने भएमा परिवर्तन हुने विषय र त्यसको प्रभावलाई समेत प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश गरी पेश गर्नु पर्नेछ ।

## ८. प्रस्ताव स्वीकृतीको लागि पेश गर्नु पर्नेः-

कुनै प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले दफा ७ बमोजिम तयार भएको प्रतिवेदनको पाँच प्रति, सरोकारवालाहरूको भेलाको निर्णय, स्थानीय सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिस समेत संलग्न गरी उक्त प्रस्ताव स्वीकृतीका लागि नगरपालिका समक्ष पेश गर्नु पर्नेछ । तर प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृतीको लागि पेश गर्दा थप प्रभावित हुने क्षेत्रको सम्बन्धित वडा कार्यालयको सिफारिस समेत संलग्न गर्नु पर्नेछ ।

## ९. प्रस्ताव कार्यान्वयन गर्न स्वीकृत दिन सक्नेः-

(१) दफा ८ बमोजिम कुनै प्रस्ताव प्राप्त भएमा नगरपालिकाले सो प्रस्ताव साथ संलग्न प्रतिवेदन जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परीक्षण मात्र गरे हुने प्रस्तावको सम्वन्धमा सो प्रस्ताव प्राप्त भएको मितिले एक्काइस दिन भित्र आफैले स्वीकृति दिनेछ र वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको सम्बन्धमा आफ्नो राय र प्रतिवेदनको दश प्रति संलग्न गरी प्रस्ताव प्राप्त भएको एक्काइस दिन भित्र सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव प्राप्त भएमा सो प्रस्ताव साथ प्राप्त प्रतिवेदनका सम्बन्धमा राय सुझाव दिनको लागि नगरपालिकाले उपलव्ध गराएको व्यहोराको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

सो प्रतिवेदन अध्ययनको लागि सर्वसाधारणलाई तीन दिनको समय दिइनेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भएमा त्यसरी प्रतिवेदन पहिलो पटक प्रकाशित भएको मितिले तीन दिन भित्र सम्बन्धित व्यक्ति वा संस्थाले आफ्नो राय सुझाव नगरपालिकामा पठाई सक्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै राय सुझाव प्राप्त भएमा वातावरण तथा विपद व्यवस्थापन समितिको राय सुझाव समेतको आधारमा प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा नगरपालिकाले प्रस्ताव कार्यान्वयन गर्न स्वीकृत दिनेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृती दिदा नगरपालिका समक्ष प्रस्ताव प्राप्त भएको मितिले साठी दिन भित्र दिई सक्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको म्याद भित्र विशेष कारण परी स्वीकृति दिन नसकेमा नगरपालिकाले उक्त समय समाप्त भएको मितिले तीस दिन भित्र प्रस्ताव कार्यान्वयन गर्न स्वीकृती दिनेछ ।

(७) वातावरणीय प्रभाव मूल्यांकन (Enviromental Impact Assessment) तथा प्रारम्भिक वातावरणीय प्रभाव परीक्षण (Initial Environment Examination) प्रतिवेदन तयार गर्दा नेपाल सरकारबाट जारी भएको वातावरण संरक्षण ऐन, २०७६ को दफा ५ र ६ का साथै चन्द्रागिरि नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ वमोजिम गर्नुपर्नेछ ।

## १०. प्रतिवेदन पालन गर्नुपर्नेः-

प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्दा प्रतिवेदनमा उल्लेख भए बमोजिमका व्यहोरा नगरपालिका र सम्बन्धित निकाय वा मन्त्रालयले तोकिदिएका शर्तहरू अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

## ११. अनुगमन मूल्याङ्कनः-

(१) प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको अनुगमन मूल्याङ्कन नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन मूल्याङ्कन गर्दा प्रस्ताव स्वीकृत हुँदा तोकिएको शर्तमा उल्लेख गरिएका प्रभाव भन्दा बढी प्रभाव देखिएमा नगरपालिकाले त्यस्ता प्रभावहरू हटाउन वा हटाउने उपाय अवलम्वन गर्न प्रस्तावकलाई आवश्यक निर्देशन दिनेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रस्तावकको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्तावकलाई दिएको निर्देशनको जानकारी नगरपालिकाले सम्बन्धित निकायमा दिनेछ ।

## १२. वातावरणीय परीक्षण गरी अध्यावधिक राख्नुपर्नेः-

नगरपालिकाले वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने प्रस्ताव कार्यान्वयन भइ सेवा, वितरण उत्पादन शुरु भएको दुई वर्ष पछि त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न गएको प्रभाव, त्यस्तो प्रभावलाई कम गर्न अपनाइएका उपाय आदिको वातावरणीय परीक्षण गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

# परिच्छेद - ३
# ईट्टा उद्योगको व्यवस्थापन

## १३. ईट्टा उद्योग दर्ता गर्न रोक लगाइनेः-

(१) नगरपालिका भित्र नयाँ ईट्टा उद्योग दर्ता र सञ्चालनमा रोक लगाईने छ ।

(२) यो कार्यविधि लागु हुनु अघि दर्ता भएका ईट्टा उत्पादन गर्दै आएका ईट्टा उद्योगले उद्योग व्यवसायको निरन्तरताको लागि नगरपालिकाबाट पुनः स्वीकृती वा अनुमति लिदा विद्युतीय टनेल क्लिन प्रविधिमा आधारित हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवसायलाई निरन्तरता दिने स्वीकृती प्राप्त गर्नको लागि ईट्टा उद्योगले अनुसूची १ बमोजिमको मापदण्ड पूरा गर्नुपर्नेछ ।

यो मापदण्ड पुरा नगर्ने ईट्टा उद्योगको सञ्चालनमा नगरपालिकाले तत्काल रोक लगाई दर्ता/नविकरण खारेज गर्नसक्नेछ ।

(४) (क) ईट्टा उद्योगीले उत्पादन तथा व्यवसाय गर्दा अनुसुची १ बमोजिमको शर्त पालना गर्नुपर्नेछ ।

(ख) ईट्टा उद्योगीले ईट्टा उत्पादन तथा व्यवसाय संचालन गर्दा तोकिएको शर्तहरू पालना नगरेको सम्वन्धमा नगरपालिकाले निरीक्षक खटाई शर्तहरू पालना गराउन सक्नेछ ।

(ग) उपदफा (ख) बमोजिमको निरीक्षण गर्दा कुनै ईट्टा उद्योगले उपनियम (क) बमोजिमको शर्त उलंघन गरेको देखिएमा निरीक्षकले सो कुराको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(घ) उपदफा (ग) बमोजिम निरीक्षकवाट प्राप्त भएको प्रतिवेदन जाँचवुझ गर्दा ईट्टा उद्योगलाई कुनै निर्देशन दिन आवश्यक देखिएमा नगरपालिकाले त्यस्तो उद्योगलाई अवधि तोकी शर्त पालना गर्न निर्देशन दिनेछ ।

(ङ) उपदफा (घ) बमोजिम दिइएको अबधिभित्र कुनै ईट्टा उद्योगले शर्त बमोजिम आफ्नो काममा सुधार नगरेमा नगरपालिकाले त्यस्तो ईटा उद्योग तुरुन्त बन्द गराई त्यस्तो ईट्टा उद्योगीलाई कानुन बमोजिम सजाय गर्न सक्नेछ ।

## परिच्छेद -४
## विविध

**१४. अभिलेख राख्ने:-** ईट्टा उद्योगको सम्पूर्ण अभिलेख राख्ने काम नगरपालिकाको हुनेछ । उद्योगीले समय समयमा नगरपालिकाले मागेको बखत आवश्यक विवरण उपलब्ध गराउनु पर्नेछ ।

**१५. अनुगमन:-** ईट्टा उद्योगको नगरपालिकाबाट समय समयमा शर्त मापदण्ड अनुसार चले नचलेको अनुगमन हुनेछ र अनुगमनमा सहयोग गर्नु उद्योगीको कर्तव्य हुनेछ । वातावरणको प्रभाव स्तर मापन गर्न सम्वन्धित मन्त्रालय, विभागको वा नगरपालिकाबाट विज्ञको सहयोग लिई हुने परीक्षणको लागत खर्च उद्योगीले व्यहोर्नु पर्नेछ ।

**१६. कार्यविधिको बचाउ तथा खारेजी:-**

नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र रही यो कार्यविधि लागु भै सके पछि वनेको वातावरण सम्बन्धी ऐन तथा नियामावलीमा कुनै विषय यो कार्यविधिसँग बाझिएमा सोही ऐन तथा नियमावली बमोजिम हुनेछ । यस कार्यविधि बमोजिम भए गरेका कार्यहरू सोही ऐन, नियमावली तथा कार्यविधि बमोजिम भएको मानिने छ ।

# अनुसूची - १
## (परिच्छेद - ३ को दफा १३ सँग सम्वन्धित)

**शर्तहरू:-**

१. २०७६ माघ १५ गते भित्र वडामा निवेदन दिएका,यस अघि दर्ता भै वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण गरेका, कर चुक्ता गरेका,साथै सो प्रमाणको फोटोकपी नगरपालिकामा पेश गरेका ईट्टा उद्योगीले यस कार्यविधि वमोजिमका शर्त पालना गरेमा २०७७ जेष्ठ मसान्तसम्म संचालन गर्न दिइनेछ र २०७७ जेठमसान्त पछि पनि संचालनमा जान चाहनेले विद्युतीय टनेल क्लिन प्रविधिमा आधारित नगरपालिकाबाट जारी गरिएको ऐन, नियम, कार्यविधि तथा अन्य मापदण्ड पूरा गरेमा मात्र संचालन गर्ने अनुमति दिईनेछ। उद्योग संचालनका लागि अनुमति दिने नदिने विषय नगरपालिकाको अधिकारको विषय हुनेछ।

२. ईट्टाको उत्पादन र विक्री वितरण गर्दा हुन सक्ने आकस्मिक जोखिमको व्यवस्थापनको लागि अल्पकालिन र दीर्घकालिन योजना बनाई लागु गर्नु पर्नेछ।

३. उद्योगबाट उत्पादन हुने ईटा पोल्न अनधिकृत ईन्धन (दाउरा, खर, टायर, प्लाष्टिक जस्ता वस्तु) को प्रयोग गर्न पाईनेछैन । त्यस्तो प्रयोग गरेको पाइएमा कानून वमोजिम कारवाही हुनेछ।

४. गुणस्तरीय सामग्रीको मात्र प्रयोग गर्नु पर्नेछ।

५. उद्योग सञ्चालन गर्दा ध्वनी प्रदूषण गर्न पाइने छैन।

६. कामदार वा कर्मचारीबाट फ्याकिने दिसा पिसाव तथा खानाबाट फोहोरजन्य पदार्थ निस्कने प्रतिकुल असर हुनबाट जोगाउने जिम्मेवारी उद्योगको हुनेछ।

७. उद्योगको आसपास तथा कार्यालय वरिपरि रुख विरुवा तथा फुलहरू रोपी वातावरण स्वच्छ राख्नु पर्नेछ

८. उद्योगबाट उत्पादन गर्न कच्चा पदार्थ सहायक कच्चा पदार्थ ढुवानी गर्न तथा तयारी इटा ढुवानी गर्दा कच्ची सडक विग्रने भत्किने सम्भावना भएकोले आवश्यकता अनुसार विग्रे भत्केको बाटो बनाउने जिम्मेवारी उद्योगको हुनेछ।

९. हावाले खुल्ला रुपमा रहेको धुलो उडाउन सक्ने भएकोले त्यस्तो धुलो उड्ने सम्भावना रहेको समयमा आवश्यकता अनुसार पानीको माध्यमवाट धुलो हटाउनु पर्नेछ।

१०. स्थानीय व्यक्तिलाई रोजगारी दिने विषयलाई प्राथमिकता दिनुपर्नेछ।

११. स्थानीय बासिन्दालाई बाधा नपुऱ्याई उद्योग सञ्चालन गर्नुपर्नेछ।

१२. बाधा विरोध आएमा नियमानुसार सम्वन्धित निकाय र नगरपालिकाको स्वीकृती लिइ अन्यत्र ठाउँमा उद्योग सञ्चालन गर्नु पर्नेछ।

चन्द्रागिरि नगरपालिका क्षेत्र भित्र इट्टा/टायल उद्योगवाट निस्कने धुवां तथा चिम्नीको उचाइका सम्वन्धमा देहाय बमोजिमको मापदण्ड लागु गरिएको छ ।

**(Standrad on Emission and Stack Hight for Brick Industry)**

| S.N | Types of Kiln | Suspend PartcularMatter -Maximum Limit -mg\Nm3 | Hight of Stack -Minimum Limit _ 9Meter ) |
|---|---|---|---|
| 1 | Tunnel Kiln (विद्युतीय टनेल क्लिन | 100 | 10 |

**Notes:**

- Emmission Sample shall represent both charging and non charging conditions.
- ParticulateMatter (PM) results to be normalized at 4% CO2 as below PM(normalized )=(PM(Measured)*4%)Measured CO2
- Sampling port shall be located at the heightMore than 2 times a chimney diameter (inner diameter of chimney at the base)from the upper surface of duet.For the rectangular cross section the equivalent diameter (De) will be calculated from the following equation to determine upstream distance.

De=2LW/(L+W)

Where L = Length and W = Width

Above standard shall be applicable for all kind of fuel.

**अन्य मापदण्डहरू:-**

१. घनावस्ती १००० जना वा सो भन्दा बढी जनसंख्या वा २०० घरधुरी वा सो भन्दा वढी एक ठाउँमा केन्द्रित भै बसोवास गरिरहेको क्षेत्रवाट कम्तीमा ५०० मिटर टाढा रहनुपर्ने ।

२. अस्पताल, स्वास्थ्यचौकी, विद्यालय, मन्दिर, पानीको मुहान ,प्राकृतिक स्रोत आदिको क्षेत्र इटा भट्टा रहेको स्थानवाट कम्तीमा ५०० मिटर टाढा हुनु पर्ने

३. इटा उद्योगको कारणवाट प्रकरण (१) मा उल्लेखित क्षेत्रमा वातावरणीय असर नपरेको हुनुपर्ने वा त्यसवाट हुन सक्ने वातावरणीय जोखिम न्यूनिकरण सम्वन्धि पर्याप्त व्यवस्था गरेको हुनु पर्ने ।

४. इटा उद्योगबाट निस्कने धुलो धुवाँको असरलाई निस्कृय पार्ने व्यवस्था गरेको हुनुपर्ने ।

५. उद्योगको केन्द्रविन्दुबाट कम्तिमा २०० फिटको रेडियसको जग्गा उद्योगले प्रयोग गर्ने व्यवस्था गर्नु पर्नेछ । यसका लागि सम्वन्धित नापी कार्यालयबाट प्रमाणित भै आएको नक्सामा ४०० फिट लम्बाई ४०० फिट चौडाईको वा सो भन्दा वढी एउटै चक्लाको जग्गा उपलब्ध हुनुपर्नेछ । जग्गा भाडामा लिइ उद्योग चलाउदा जग्गा बहाल सम्झौता भएको हुनुपर्नेछ ।

६. इटा उद्योग बन क्षेत्रबाट कम्तिमा १ कि.मी टाढा रहनु पर्नेछ । वन सम्वन्धि कुराका हकमा वन तथा वातावरण मन्त्रालय, वन विभाग र सम्वन्धित डिभिजन वन कार्यालयले निर्धारण गरेको निर्धारित सीमा उल्लङ्घन गर्न पाइने छैन ।

७. उद्योग संचालन गर्दा सार्वजनिक स्थल, पाटी, पौवा बाटो इनार आदिलाई हानी नोक्सानी नपुग्ने गरी सञ्चालन गर्नुपर्नेछ ।

८. उद्योग सञ्चालन गर्दा उद्योग क्षेत्रलाई सुरक्षित र व्यवस्थित गर्न कम्पाउण्ड लगाउनु पर्नेछ ।

९. परम्परागत चिम्नीको प्रयोगको सट्टा नयां प्रणाली वातावरणीय प्रदुषण कम हुने प्रविधि जडान (टनेल प्रविधि) गरी इटा पोल्ने कार्य गर्नुपर्नेछ ।

१०. उद्योग सञ्चालन गर्नु अघि माटो कटान योजना पेश गर्नु पर्नेछ । माटो कटान योजनाको विश्लेषण गर्दा निम्न कुराहरू समेट्नु पर्नेछ ।

(क) ईट्टाभट्टा राखिने जमीनको जग्गाधनीको स्वकिृतीपत्र पेश भए नभएको,

(ख) जमिनको स्वरुप अनुचित तरिकाले विग्रने नविग्रने,

(ग) सार्वजनिकस्थल जस्तैः वाटो, विजुलीको खम्वा, धारा पाईप, ढल, पाटी पौवा, ईनार र कुवा वा अन्य स्थलको संरक्षण भए नभएको ।

(घ) जमिनको साँध सिमाना स्पष्ट रुपमा राखिए नराखिएको,

(ङ) माटो उत्खननको कार्य समाप्त भएपछि जग्गामा सिँचाई सुविधा पुग्ने नपुग्ने,

११. भूउपयोगमा प्रतिकुल असर नपर्ने विश्वासिलो आधार हुनु पर्नेछ ।

१२. ईट्टा बनाउन माटो खन्दा त्यहाँ वरिपरिको पानीको कुलो नबिग्रने वा नभत्किने तरिकाले माटो उत्खनन गर्नु पर्नेछ ।

१३. ईट्टा उद्योगबाट निस्कने ठोस फोहर मैलालाई उद्योगी आफैले राम्रोसँग नष्ट वा पुन प्रयोगको व्यवस्था मिलाउनु पर्नेछ

१४. मानव प्रयोगवाट भएको फोहोरमैलालाई अनिवार्य रुपमा सेप्टि ट्यांकी वनाएको हुनपर्नेछ ।

१५. ईट्टाको प्रयाप्त भण्डारणको व्यवस्था भएको हुनुपर्नेछ ।

१६. ईट्टा भट्टामा कानुनले तोकेको (१८ वर्ष मुनी) बालबालिकालाई श्रममा लगाउन पाइने छैन, सामाजिक विकृति तथा लैगिंकहिंसा रहित, श्रमिक मैत्री ईट्टा उद्योग व्यवस्थापन भएको हुनु पर्नेछ ।

१७. श्रमिकको न्यूनतम ज्याला तथा करार सम्झौता समेतको व्यवस्था हुनु पर्नेछ ।

## अनुसुची - २
## प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसुची
## (परिच्छेद - २ दफा ५ सँग सम्वन्धित)

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः-

२. प्रस्तावकोः-

(क) सामान्य जानाकारी

(ख) प्रस्तावको सान्द्रर्भिकता

३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि

४. प्रतिवेदन तयार गर्दा विचार गर्न पर्ने नीति, ऐन,नियम तथा निर्देशिकाहरू

५. प्रतिवेदन तयार गर्दा लाग्ने

(क) समय

(ख) अनुमानित बजेट

६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः-

(क) सामाजिक - आर्थिक

(ख) साँस्कृतिक - भौतिक

(ग) रसायनिक

(घ) जैविक

७. प्रस्ताव कार्यान्वयनका विकल्पहरू

(क) डिजाइन

(ख) आयोजना प्रभाव

(ग) प्रविधि र सञ्चालन विधि,समय,तालिका,प्रयोग हुने कच्चा पदार्थ

(घ) अन्य कुराहरू

८. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरू

९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू

१०. अन्य कुराहरू

# अनुसूची -३
## वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची
## (परिच्छेद - २ दफा ५ सँग सम्वन्धित)

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः-

२. प्रस्तावको सामान्य परिचय

३. प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्यांक र तथ्यांकहरू संकलन विधि

४. प्रतिवेदन तयार गर्दा विचार गर्न पर्ने नीति, ऐन, नियम तथा निर्देशिकाहरू

५. प्रतिवेदन तयार गर्दा लाग्ने

(क) समय

(ख) अनुमानित बजेट

(ग) आवश्यक पर्ने विशेषज्ञ

६. प्रतिवेदन तयार गर्नको लाीग निर्धारण गरिएको क्षेत्र

७. प्रतिवेदन कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरू

(क) सामाजिक - आर्थिक

(ख) साँस्कृतिक - भौतिक

(ग) रसायनिक

(घ) जैविक

८. प्रस्ताव कार्यान्वयनका विकल्पहरू

(क) डिजाइन

(ख) आयोजना प्रभाव

(ग) प्रविधि र सञ्चालन विधि,समय,तालिका,प्रयोग हुने कच्चा पदार्थ

(घ) वातावरण व्यवस्थापन प्रणाली

(ङ.) प्रस्ताव कार्यान्वयन गर्दा उत्पन्न हुने जोखिम स्वीकार गर्न सकिने वा नसकिने

(च) अन्य कुराहरू

९. प्रस्तावको कार्यान्वयन गर्दा देखिने नकारात्मक प्रभावहरू हटाउने उपायहरू

१०. प्रस्तावको लागत प्रतिफलको विवरण

११. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरू

१२. प्रतिवेदन तयार गर्दा उल्लेख गर्नु पर्ने सान्दर्भिक सूचना सन्दर्भ सूची, परिशिष्ट, नक्सा, फोटो, चित्र, तालिका, चार्ट, ग्राफ र प्रश्नावलीहरू

## अनुसूची ४
## प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धि प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू
## (परिच्छेद - २ दफा ७ सँग समवन्धित)

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना

२. प्रस्तावको साराशं (प्रस्तावको कार्यान्वयबाट वातावरणमा पर्न सक्ने सम्वन्धमा देहायका कुराहरू संक्षेपमा उख्लेख गर्ने)

(क) प्रस्तावको उद्देश्य

(ख) भू उपयोगमा पर्ने असर

(ग) वातावरणमा पर्ने प्रतिकुल प्रभाव,मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप

(घ) स्थानीय चिज वस्तुमा हुने क्षति

(ङ) अन्य आवश्यक कुराहरू

३. प्रस्तावको सम्वन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्ने

(क) प्रस्तावको किसिम

(१) प्रशोधन गर्ने

(२) उत्पादन गर्ने

(३) जडान गर्ने

(४) सर्भिस डेलिभरी

(५) अन्य

(ख) डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्ने

(ग) प्रयोग गरिने सामाग्री (परिमाण र वर्ष उल्लेख गर्ने)

(घ) प्रस्ताव कार्यान्वयन हुँदा निस्काशन हुने (कति समय सञ्चालन हुँदा कति परिमाणमा निस्काशन हुने हो) खुलाउने पर्ने ।

(१) ठोस

(२) तरल

(३) हावा

(४) ग्यास

(५) ध्वनी

(६) धूलो

(७) अन्य

(ङ) प्रयोग हुने उर्जाको:-

(१) किसिम

(२) स्रोत

(३) खपत हुने परिमाण (प्रतिघण्टा, दिन र वर्षमा)

(च) जनशक्तिको आवश्यकता कति पर्ने

(छ) प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने

(१) कुल पूँजी

(२) चालु पूँजी

(३) जमिनको क्षेत्रफल

(४) भवन र तिनका किसिम

(५) मेसिनरी औजार

(६) अन्य

(ज) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरणः

(१) नक्सा

(२) सो क्षेत्र र वरिपरीको जनसंख्या र बसोबासको स्थिति

(३) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशिल चिज वा वस्तु रहेको भए त्यस्ता चिज वस्तुको विवरण

(४) हालको स्थिती

(५) पानीको स्रोत

(६) फोहरमैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्था

(७) प्रस्ताव कार्यान्वयन हुने ठाउँमा आवत जावत गर्ने बाटो

(झ) उत्पादन प्रक्रिया

(ञ) प्रविधिको विवरण

(ट) अन्य आवश्यक कुराहरू

४. प्रस्ताव कार्यावनय गर्दा वातावरणमा पर्ने प्रभावहरूः

(क) सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव

(१) मानव स्वास्थ्यमा पर्ने प्रभाव

(२) खेती योग्य जमिनको क्षय

(३) वन जंगलको क्षय

(४) सामाजिक, साँस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तन

(५) अन्य

(ख) जैविक प्रभावहरू

(१) जनसंख्या

(२) वनस्पति तथा जीवजन्तु

(३) प्राकृतिक वासस्थान र समुदाय

(ग) भौतिक प्रभावहरू

(१) जमिन

(२) वायूमण्डल

(३) पानी

(४) ध्वनी

(५) मानव निर्मीत वस्तुहरू

(६) अन्य

५. प्रभाव कार्यान्वयनका विकल्पहरू:

(१) डिजाइन

(२) आयोजना स्थल

(३) प्रक्रिया, समय तालिका

(४) प्रयोग हुने कच्चा पदार्थ

(५) अन्य कुराहरू

६. प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावलाई कम वा रोकथाम गर्ने उपायहरू

७. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू

८. अन्य आवश्यक कुराहरू

## अनुसूची -५
## (परिच्छेद - २ दफा ७ सँग सम्वन्धित)

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरूः-

**१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः**

**२. प्रस्तावको सारांशः** प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरू उल्लेख गर्ने)

(क) प्रस्तावको उदेश्य

(ख) भू उपयोगमा पर्ने असर

(ग) वातावरणमा पर्ने प्रतिकुल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाँप

(घ) स्थानीय चिज वस्तुमा हुने क्षति

(ङ) अन्य आवश्यक कुराहरू

**३. प्रतिवेदनको सारांशः** वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदनमा उल्लेख भएका कुराहरूको संक्षिप्त विवरण ।

**४. प्रस्तावको विवरणः**

(क) प्रस्तावको प्राविधिक, भौगोलिक वातावरणीय, आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पक्ष उल्लेख गर्ने ।

(ख) प्रस्तावको कार्यान्वयनको प्रत्येक चरणमा गरिने कार्यहरूको उद्देश्य, कार्यनीति तथा कार्यतालिका उल्लेख गर्ने ।

**५.** प्रस्तावको आधारभूत जानकारी प्रस्तावको प्रकृति अनुसार मूल्यांकन गरिने क्षेत्रको भू-भौतिक, साँस्कृतिक, जैविक तथा सामाजिक, आर्थिक परिस्थितीका साथै प्रस्ताव सञ्चालन हुनु भन्दा पहिला हुन सक्ने कुनै परिवर्तनका बारेमा आधारभूत

जानकारी उल्लेख गर्ने । उपलब्ध हुन नसक्ने कुनै तथ्यांक तथा अध्ययनले समेट्न नसक्ने विषय वस्तुहरू भए सो पनि उल्लेख गर्ने ।

६. **वातावरणीय प्रभाव पहिचानः** प्रस्ताव कार्यान्वयन गर्दा वातावरणको देहायका क्षेत्रमा पर्न सक्ने अनुकुल तथा प्रतिकुल प्रभावहरूको उल्लेख गर्ने तथा सम्भव भएसम्म समय र कार्यतालिका अनुसार सम्भावित प्रभावहरूको अनुमान गर्ने र परिणाम तोक्नेः-

(क) प्रस्तावको कार्यान्वयनबाट लाभदायी वा प्रतिकुल प्रभाव पर्ने समय र भौगोलिक क्षेत्र ।

(ख) प्रस्तावको कार्यान्वयबाट निष्काशन हुने फोहोरमैला र प्रदुषणका प्रभावहरू

(ग) प्रस्तावको कार्यान्यनबाट वातावरणमा पर्ने प्रत्यक्ष अप्रत्यक्ष समग्र प्रभावहरू ।

७. **प्रस्तावको विकल्प विश्लेषणः**

देहायको विषयमा विश्लेषण गर्नु पर्नेः

(क) प्रस्तावको डिजाइन, आयोजना स्थल, प्रविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग हुने ।

(ख) प्रस्ताव कार्यान्वयन गर्दा आवश्यक पर्ने स्थिर पूँजी र चालु पूँजी, स्थानीय अनुकुलता, संस्थागत तालिम र सूपरीवेक्षणको आवश्यकताहरूका आधारमा तुलना गर्ने र सम्भव भएसम्म प्रत्येक वैकल्पिक उपायको लागत प्रतिफल तथा आर्थिक महत्वको बारेमा ।

(ग) प्रस्ताव कार्यान्वयन गर्दा पर्ने अल्पकालिन, मध्यमकालीन र दीर्घकालीन प्रतिकूल असरहरू ।

(घ) प्रस्ताव कार्यान्वयन गर्दा प्रयोग हुने ऊर्जा र त्यस्तो ऊर्जा बचत गर्न अपनाइने उपायहरू ।

(ङ) प्रस्ताव कार्यान्वयन नगरेमा हुन सक्ने परिणामको विश्लेषण ।

**८. वातावरणीय प्रभाव कम गर्ने उपायहरू:**

(क) वातावरणमा प्रतिकुल प्रभाव पार्न सक्ने सबै क्रियाकलापहरूको लागि अपनाउनु पर्ने व्यवहारिक सुरक्षात्मक उपायहरू उल्लेख गर्ने ।

(ख) सुरक्षात्मक उपायहरूद्वारा वातावरणमा पर्ने प्रभाव पूर्ण रुपमा हटाउन नसकिने भएमा क्षतिपूर्ति का सम्बन्धमा उल्लेख गर्ने । अन्य सम्भावित विकल्पहरूसँग तुलना गरी सुरक्षाका उपायहरू खर्चका दृष्टिकोणबाट कतिको प्रभावकारी छन् भन्ने कुराका विश्लेषण गर्ने ।

(ग) अन्य सम्भावित विकल्पहरूसँग तुलना गरी सूरक्षाका उपायहरू खर्चका दृष्टिकोणबाट कतिको प्रभाव परेका छन भन्ने कुरामा विश्लेषण गर्ने ।

**९. वातावरणीय व्यवस्थापन योजनाका सम्बन्धमा उल्लेख गर्ने**

**१०. नीतिगत तथा कानुनी व्यवस्थाको समिक्षा:** प्रस्तावको प्रकृती र स्तरका आधारमा सम्बन्धित नीति तथा ऐन नियमहरूको समिक्षा गर्ने । कुनै नीति तथा कानुनी व्यवस्थामा सुधार गर्नु पर्ने भए सो उल्लेख गर्ने

**११. प्रस्तावको अनुगमन:** प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावका सम्बन्धमा गरीने अनुगमनको तरीका, अनुगमन गर्ने निकाय र समय तालिका, अनुगमन तथा मूल्यांकनका सूचक आदि उल्लेख गर्ने ।

**१२. वातावरणीय परीक्षण तथा यसको सार्थकता वारेमा उल्लेख गर्ने**

**१३. सन्दर्भ सामाग्रीहरू:** प्रतिवेदन तयार गर्दा उदृत गरिएका सन्दर्भ सामाग्रीहरूको प्रकाशन सम्वन्धि सूची निम्नलिखीत आधारमा बनाउने:–

(क) लेखक

(ख) प्रकाशित भएको मिति

(ग) उदृत गरिएका सामाग्रीको शिर्षक

(घ) उदृत गरिएका प्रकाशन वा पत्रिकाको नाम

(ङ) वर्ष खण्ड अंक आदि (भएका खण्डमा)

(च) पृष्ठ

**१४. परिशिष्टका देहायका कुराहरू समावेश:**

(क) भू-बनोट, भौगोलिक स्थिती भू-उपयोग क्षमता र अध्ययनसँग सम्बन्धित नक्साहरू

(ख) सम्भव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रहरूको हवाई फोटोहरू

(ग) स्थलगत अनुसन्धानका लागि प्रयोग गरीएका प्रश्नावली वा विषयवस्तुको सूची

(घ) चार्ट तथा चित्रहरू जस्ता वातावरणीय प्रभाव मूल्याङ्कनसँग सम्बन्धित कुराहरू

(ङ) जलवायू तथा हावापानी सम्बन्धि तथ्याङ्क (समयको आधारमा क्रमवद्ध गरी)

(च) प्रस्ताव कार्यान्वय स्थलका वन प्रति तथा जीवजन्तुको तथ्याङ्क

(छ) भौगर्भिक तथा जोखिम मूल्याङ्कन तथ्यांक (प्राप्त गर्न सकिने भएमा)

(ज) उपलब्ध हुन सक्ने भएमा आयोजना सञ्चालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनीको स्तर सम्बन्धी जानकारी

(झ) वातावरण प्रभाव मूल्याङ्कनसँग सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्ध रेखाचित्र

(ञ) नक्सा, स्लाइड, रेर्कडहरू तथा भिडियो फिल्म जस्ता सहायक श्रव्य दृश्य सामाग्री

(ट) बाली लगाउने तरिका पशुपालन माटो गुण रासायनिक मल प्रयोग गर्ने मात्रा सम्बन्धि तथ्यांक ।

(ठ) अध्ययन प्रतिवेदन तयार गर्दा प्रयोग गरिएका लिखित सामाग्रीहरूको सन्दर्भ सूची

(ड) आमन्त्रित व्यक्तिहरू तथा सहभागीहरूको सूची तथा सम्बन्धित संस्थाहरू बीचको छलफल, भेला, बैठकको रेकर्डहरू तथा छलफल र अनुगमनको छोटो जानकारी

(ढ) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको तयारीमा संलग्न अध्ययन टोलीको व्यक्ति तथा संस्थाहरूको नामावली

(ण) अध्ययनको क्रममा सम्पर्क गरिएका व्यक्ति तथा संस्थाहरूको नाम, ठेगाना र टेलिफोन नम्बर ।

प्रमाणिकरण: २०७९ भदौ ०२ गते

मूल्य रू. १५/-

आज्ञाले

निरज पौडेल

प्रमुख प्रशासकीय अधिकृत